# आठौं अध्ययन
# पवित्र आत्माको सामर्थ्य

**पवित्र आत्मा को हुनुहुन्छ ?**

पवित्र आत्मा परमेश्वर हुनुहुन्छ. परमेश्वर तीन भाग (व्यक्तित्व) मा एउटै हुनुहुन्छ.

*परमेश्वर पिता, परमेश्वर पुत्र र परमेश्वर पवित्र आत्मा.*

यो कसरी हुन सक्छ भन्ने कुरा बुझ्नका लागि एउटा स्याऊका बारेमा बिचार गर्नुहोस्. त्यसमा बोक्रो, गुदी र दीउल हुन्छ. स्याउ एउटै हो तर त्यहां तीन अलग अलग भागहरु हुन्. पवित्र आत्मा कुनै शक्ति वा अष्पष्ट कुहिरो जस्तो प्रभाव नभएर एउटा व्यक्ति हुनुहुन्छ. त्यसै हुनाले हामीले पवित्र आत्मालाई कुनै वस्तुका रुपमा उल्लेख गर्दैनौं, तर व्यक्तिका रुपमा उल्लेख गर्छौं.

*तिमीहरुले मलाई प्रेम गर्छौं भने मेरा आज्ञाहरु पालन गर्नेछौ. म पितासंग विन्ती गर्नेछु, र उहाँले तिमीहरुलाई अर्को सल्लाहकार दिनुहुनेछ, अनि उहाँ तिमीहरुसंग सदासर्वदा रहनु हुनेछ.*
*यिनी सत्यका आत्मा हुनुहुन्छ, जसलाई संसारले ग्रहण गर्न सक्दैन, किनभने संसारले उहाँलाई न देख्छ, न चिन्छ. तिमीहरु उहाँलाई चिन्छौ, किनभने उहाँ तिमीहरुसंग वास गर्नुहुन्छ, र उहाँ तिमीहरुमा रहनु हुनेछ.* (यूहन्ना १४:१५-१७).

**हामीलाई पवित्र आत्माको आवश्यकता किन पर्छ ?**

१) पवित्र आत्माले हामीलाई हाम्रो पापपूर्ण अवस्था देखाई दिनुहुन्छ, हामीलाई परमेश्वरको आवश्यकता पर्छ भन्ने देखाई दिनुहुन्छ (यूहन्ना १६:७, ११ हेर्नुहोस)

२) हामीले नयाँ जन्म पाएपछि पवित्र आत्माले हाम्रो आत्मालाई परमेश्वरको निम्ति सजीव तुल्याएर हामीलाई परमेश्वरको परिवारमा जन्म लिन सक्षम बनाउनु हुनेछ (यूहन्ना ३:५-८; २कोरिन्थी ३:६).

३) आफ्नो मृत्यु, पुनरुत्थान र पितासंग रहनका लागि स्वर्गारोहण भैसकेपछि पनि यस संसारमा आफ्नो काम निरन्तर रुपमा भैरहोस् भन्ने येशू चाहनु हुन्थ्यो. येशू आफैले पनि पवित्र आत्मा प्राप्त नगरिकन काम गर्न थाल्नु भएन (हेर्नुहोस् लुका ३:२१-२३) परमेश्वरले अह्राउनु भएको सबै काम गर्न सक्षम हुनका लागि उहाँ पवित्र आत्माले भरिपूर्ण हुनु आवश्यक थियो.

आफैंले तालिम दिँदै गर्नु भएका मानिसहरुले उहाँको काम गरिरहनका लागि तिमीहरुलाई त्यही शक्ति चाहिन्छ भनी येशूले भन्नुभयो. माथिबाटको त्यो सामर्थ्य नै पवित्र आत्माले बप्तिश्मा हुनु वा भरिइनु हो (प्रेरित १:४, ५ र ८). त्यो शक्ति प्राप्त नगरुन्जेल तिनीहरुले यरुशलेममा पर्खिरहनुपर्ने थियो.

येशू पिताकहाँ जानु र महिमित बनिनुको परिणाम स्वरुप पवित्र आत्माको भरपुरी हुन आउनेछ भन्ने कुरा परमेश्वर पिताको प्रतिज्ञा हो (हेर्नुहोस २४:४६-४९; यूहन्ना १६:१७).

पवित्र आत्माले बप्तिश्मा हुनु वा भरिपूर्ण हुनु भनेको एउटा अनुभव हो, जहाँ क्रिश्चियन विश्वासीहरु ख्रीष्टको काम गर्न तथा आत्माले भरिपूर्ण जीवन जिउनका लागि पवित्र आत्माको अलौकिक सामर्थ्यले भरिन्छन्. यो क्रिश्चियन जीवनको स्वाभाविक राज्यबाट आत्मिक जीवनको अलौकिक क्षेत्रतर्फ लैजाने प्रवेशद्वार हो.

**के यो शक्ति अहिले पनि उपलब्ध छ ?**

येशूले पृथ्वी छोडेर जानुभएपछिको एउटा पुस्ताका लागि मात्रै पवित्र आत्मा दिइनु भएको होइन, बरु पवित्र आत्मा त हरेक साँचो क्रिश्चियनहरुका लागि गरिएको प्रतिज्ञा हो. आज पनि त्यो सामर्थ्य चाहनेहरुका लागि उपलब्ध छ. पवित्र आत्मा हाम्रो मुक्तिको निम्ति मात्रै आउनु हुने होइन, बरु हामीले अत्यन्तै प्रभावकारी र फलवन्त हिसाबले परमेश्वरको सेवा गर्न सकौं भनेर हामीलाई सबल तुल्याउन आउनु हुन्छ.

*पश्चाताप गर र पापक्षमाको निम्ति हरेकले येशू ख्रीष्टको नाउँमा बप्तिश्मा लेओ. अनि तिमीहरुले पवित्र आत्माको बरदान पाउनेछौ. किनकि यो प्रतिज्ञा तिमीहरुका निम्ति तिमीहरुका सन्तानका निम्ति र हाम्रा प्रभु परमेश्वरले बोलाउनुहुने टाढा-टाढामा हुनेहरुका निम्ति हो* (प्रेरित २:३८, ३९).

**पवित्र आत्माले मेरो लागि के गर्नु होला ?**

तपाईंलाई मन लागेको जेसुकै गर्नका लागि पवित्र आत्माले शक्ति दिनु हुने होइन. परमेश्वरको राज्यमा नयाँ जन्म पाउनुभन्दा पहिले हामी शैतानका कठपुतली जस्ता थियौं. त्यसले हामीलाई धागोको भरमा पुतली नचाएझैं गरी चलाएको थियो. हामीले नयाँ जन्म पाइसकेपछि त्यसले हामीलाई नचाउने धागो छिनेको छ. तर हामीलाई नचाउनका लागि परमेश्वरले फेरि त्यो धागो समात्नु हुनेछैन. उहाँले त हामीलाई पवित्र आत्मा दिनु हुन्छ र हामीले चाहेमा पवित्र आत्माले हामीलाई परमेश्वरको मार्ग देखाउनु हुन्छ. परमेश्वरको इच्छा अनुसार काम गराउन पवित्र आत्माले हामीलाई जबर्जस्ती गर्नु हुनेछैन. बरु हामी आफैंले निर्णय गर्नु पर्छ. हामी आफैंले नियन्त्रण गर्ने क्षमता परमेश्वरबाट पाएकाछौं, त्यसैकारण हामीले परमेश्वरको वा आफ्नो बाटोमध्येमा एक रोज्नु पर्छ. परमेश्वरले हामीलाई अगुवाई मात्र गर्न चाहनुहुन्न तर हामीलाई पवित्र आत्माले भरेर शक्तिशाली बनाउन चाहनुहुन्छ.

**हामी कसरी पवित्र आत्माले भरिइन वा बप्तिश्मा हुन सक्छौं ?**

पवित्र आत्मा हावा जस्तै हुनुहुन्छ (यूहन्ना ३:८) कसैले पनि हावालाई उत्पन्न गर्न वा नियन्त्रण गर्न सक्दैन. तर हावा चलिरहेको ठाउँमा हामी आफैं पुग्न, बस्न र अनुभव गर्न सक्छौं. हामी घरको झ्याल ढोका उघारेर बाहिरको शितल हावालाई भित्र आउन दिनसक्छौं. त्यसैगरी हामी हाम्रो जीवन खुल्ला गरिदिएर पवित्र आत्मालाई हामीभित्र आउन दिनसक्छौं. हामीले हाम्रो जीवनका सबै पक्षहरु परमेश्वर समक्ष अर्पण गर्नुपर्छ र येशूलाई हाम्रो सम्पूर्ण जीवनको प्रभु हुन दिनुपर्छ. यसरी हामी पवित्र आत्माले भरिइन सक्छौं. पाप भएको ठाउँमा र निमन्त्रण बेगर पवित्र आत्मा आउनहुन्न.

येशूले भन्नुभयो,

*कोही तिर्खाउँछ भने त्यो मकहाँ आओस् र पिओस्. जसले ममाथि विश्वास गर्दछ, धर्मशास्त्रले भने अनुसार त्यसको अन्तस्करणबाट जिउँदो पानीका खोलाहरु निस्की बग्नेछन्. तर यो कुरा उहाँले पवित्र आत्माको विषयमा भन्नु भएको थियो, जुन आत्मा उहाँमाथि विश्वास गर्नेहरुले प्राप्त गर्न लागेका थिए. किनकि पवित्र आत्मा अहिलेसम्म दिइएको थिएन, किनभने अझसम्म येशूको महिमा भएको थिएन* (यूहन्ना ७:३७-३९).

येशूले फेरि पनि भन्नु भयो,

*म तिमीहरुलाई भन्दछु, माग त तिमीहरुलाई दिइनेछ. खोज त तिमीहरुले भेट्टाउनेछौ. ढक्ढक्याओ त तिमीहरुका निम्ति उघारिनेछ. किनभने जसले माग्छ त्यसले पाउँछ, जसले खोज्छ त्यसले भेट्टाउनेछ र जसले ढक्ढक्याउँछ त्यसको निम्ति उघारिनेछ. तिमीहरुमध्ये कुनचाहिं त्यस्ता बाबु होला, जसको छोराले रोटी माग्दा त्यसलाई ढुंगा देला कि माछा माग्दा सर्प देला ? अथवा अण्डा माग्दा बिच्छी देला ? तिमीहरु दुष्ट भइकन पनि आफ्ना छोराछोरीहरुलाई असल थोकहरु दिन जान्दछौ भने, तिमीहरुका स्वर्गीय पिताले आफूसंग माग्नेहरुलाई कति बढता गरी पवित्र आत्मा दिनुहुन्छ" (लूका ११:९-१३)*

**भाषा (अन्य भाषा) हरुको बारेमा नि ?**

जब तपाईं पवित्र आत्माले भरिइनु हुन्छ, तपाईंले पहिल्यै नसिकेको नयाँ भाषामा बोल्नु अति साधरण कुरा मानिन्छ. यस्तो हुँदा डराउनु पर्ने केही कुरा हुँदैन. यो त पवित्र आत्मा तपाईंद्वारा परमेश्वरसंग बोलिरहनु भएको हो. जब तपाईं अन्य भाषामा बोल्नु हुन्छ, बाइबलले बताए अनुसार तपाईंको आफ्नै सुधार हुन्छ (१कोरिन्थी १४:१-५).

**के तपाईं एकपल्ट मात्रै भरिइनु भएकोछ ?**

प्रेरित पावलले एफिसीहरुलाई एफिसी ५:१८ मा 'पवित्र आत्माले भरिएका होओ' भनी प्रयोग गरेको क्रियाको काल 'वर्तमान' छ र यहां हामीले समेत आत्मामा भरिपूर्ण हुँदै जानु पर्ने आशय पाइन्छ. यो काम

लगातार दिनहुँ तथा सधैं तरोताजा (स्वच्छ) भैरहनु पर्दछ. हाम्रो जीवन निरन्तररुपमा परमेश्वरको आत्माले भरिइरहनका लागि उघारिएको हुन्छ ?

**पवित्र आत्माले हाम्रो लागि के के गरिदिनु हुन्छ ?**

उहाँले हामीलाई तपसिलका कुराहरु दिनु हुन्छ :-

१. प्रभु येशू ख्रीष्टमा र परमेश्वरको राज्यमा जिउनलाई सामर्थ्य (यूहन्ना ३:५-८; रोमी ८:९, १६-१७)
२. येशूले चाहनु भएजस्तै जीवन जिउनलाई सामर्थ्य (एफिसी ३:१६, रोमी ८:११-१४)
३. परमेश्वरको लागि साक्षी हुनलाई सामर्थ्य (प्रेरित १:८; १कोरिन्थी २:४-५)
४. परमेश्वर र उहाँको मार्गलाई बुझ्ने शक्ति (एफिसी १:१७-२१; १कोरिन्थी २:९-१६; यूहन्ना १६:१३-१५)
५. परमेश्वरसंग प्रार्थना गर्ने सामर्थ्य (रोमी ८:२६-२७)
६. परमेश्वरसंग र अरु विश्वासीहरुसंग संगति गर्ने सामर्थ्य (फिलिप्पी २:१-२)
७. हाम्रो सम्पूर्ण पाप स्वभाव, पाप, मृत्यु, शैतान र संसारलाई जित्ने सामर्थ्य (२कोरिन्थी ३:१७, १यूहन्ना ४:४; रोमी ८:२; गलाती ५:१६)
८. प्रेम र आशा गर्ने शक्ति (रोमी ५:५; १५:१३)

**प्रश्न तथा संकेत**

१. पवित्र आत्माले भरिदिने वा बप्तिश्मा दिने को हो ? (मर्कूस १:७-८)
२. पवित्र आत्माले हाम्रा लागि गर्नु हुने तीनवटा कुराहरु के के हुन् ? (यूहन्ना १४:२६, १६:१३)
३. पिताको प्रतिज्ञा प्राप्त गरेको परिणाम के हुनुपर्छ ? (प्रेरित १:८)
४. पवित्र आत्मा कहां बस्न रुचाउनु हुन्छ ? (१कोरिन्थी ३:१६) र त्यसको परिणाम स्वरुप हामी कसरी जिउनु पर्छ ? (१कोरिन्थी ६:१९-२०)
५. पवित्र आत्माका नौवटा बरदानहरु के के हुन् ? र ती बरदान कसले पाउने हो भन्ने कुराको कसले निर्णय गर्छ ? (१कोरिन्थी १२:८-११)
६. बरदान कसका लागि दिइएको हो र ती बरदानको उद्देश्य के हो ? (१कोरिन्थी १२:७)
७. पवित्र आत्माका नौवटा फलहरु के के हुन् (गलाती ५:२२-२३)

८. पिताले कस्ता आराधकहरुको खोजी गरिहरनु भएकोछ ? (यूहन्ना ४:२३-२४)
९. गलाती ५:१६-१८ र २५ पद पढनुहोस् र तलका प्रश्नको जवाफ दिनुहोस:
   क. के पाप स्वभाव र आत्माले एउटै दिशातर्फ डोऱ्याउछन् ?
   ख. हामीलाई कसले डोऱ्याउनु पर्छ ?
१०. हामीले पवित्र आत्माका कामहरुलाई बाधा हाल्न सक्ने तीन वटा मुख्य कुराहरु के के हुन् ? (१थिस्सलोनिकी ५:१९, एफिसी ४:३०, प्रेरित ७:५१)

**प्रार्थना**

महान परमेश्वर, तपाईंले दिनु भएको अमूल्य बरदान- पवित्र आत्माको लागि धन्यवाद चढाउँछु. तपाईंको बरदानद्वारा मैले भरिरहनु पर्ने आवश्यकता म देख्दछु. मैले तपाईंको विरुद्धमा गरेको पापका लागि मलाई क्षमा गर्नुहोस्. मलाई क्षमा गरिदिनु भएकोमा म तपाईंलाई धन्यवाद दिन्छु. म तपाईंलाई मेरो जीवन नयाँगरी सुम्पिदिन्छु. मैले तपाईंको लागि सक्षमता पूर्वक काम गर्न सकूँ भनेर पवित्र आत्माले मलाई भरिदिनुहोस्. यसरी नै विन्ती गर्ने हरेक मानिसहरुलाई पवित्र आत्माद्धारा भर्ने प्रतिज्ञा तपाईंले गर्नु भएको निम्ति म तपाईंलाई धन्यवाद चढाउँछु. यो प्रार्थना म येशूको नाउँमा गर्दछु. आमेन.